# रौतामाई गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड:०९ संख्या:०१ मितिः कात्तिक १६, २०८२

भाग-२

रौतामाई गाउँपालिकाबाट प्रकाशित

## "घ" वर्गको निर्माण व्यवशायी इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७५

## प्रथम शंसोधन, २०८२

**प्रस्तावना**

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरूलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरू हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) तथा रौतामाई गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी रौतामाई गाउपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजत-पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजत-पत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**२) नयाँ इजाजत-पत्र सम्वन्धी व्यवस्था**

(१)सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत-पत्रको लागि यस रौतामाई गाउँपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

२)उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरू प्रमुख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

३)दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

४)उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनीहरूको इजाजत-पत्र कार्यपालिकाको निर्णय वमोजिम गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र बापत अनुसूची-२ वमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

**३.इजाजतपत्रको अवधि र नवीकरण**

(१) दफा (२) वमोजिम प्रदान गरिएको इजाजत-पत्र दफा (४) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरूप



प्रमाणित गर्ने:- प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण गर्ने:- वीरेन्द्र कुमार मगर अध्यक्ष

सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँपालिकावाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरूको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजत-पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नवीकरण गरीदिनेछ ।

| हाल भएको अवस्था | संशोधन गरिएको |
|---|---|
| रौतामाई गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ इजाजत-पत्रको अवधि र नवीकरणको उपदफा ३ मा म्याद नाघेको ६ महिना भित्र सबै पकृया पुरा गरी इजाजत-पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नवीकरण गरिदिने छ भनी उल्लेख भएको । | सोही आर्थिक वर्षको आषाढ मसान्त सम्म पनि सबै पकृया पुरा गरी नवीकरण गर्न माग गरेमा रु.६०००।०० थप दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिने छ र सो आर्थिक वर्षमा पनि नवीकरण नगरेमा अर्को आर्थिक वर्षमा सबै प्रकृया पुरा गरी नवीकरण गर्न माग गरेमा रु.८०००।०० थप दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिने छ । तत्पश्चात बाँकी ३ (तीन) आर्थिक वर्षमा रु.१००००।०० थप दस्तुर लिइ नवीकरण गर्न सकिनेछ ।५ (पाँच) वर्ष भित्र पनि नवीकरण गर्न नआएमा इजाजत-पत्र स्वतः खारेज हुने प्रावधान राखी "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ संशोधन गरिएको । |

(४) थप गरिएको [1]

रौतामाई गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३ इजाजत-पत्रको अवधि र नवीकरणको उपदफा ३ मा म्याद नाघेको ६ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजत-पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिइ प्रमुख प्रशासकीय अधिकृतले इजाजत-पत्र नवीकरण गरिदिनेछ भनी उल्लेख भएकोमा यस गाउँपालिकामा दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायीहरूको नवीकरण गर्न छुट भएकोलाई एक पटकको लागि मात्र २०८२ चैत्र मसान्त सम्म सबै प्रकृया पुरा गरी इजाजत-पत्र नवीकरण गराउन माग गरेमा रु१००००।०० थप दस्तुर लिइ नवीकरण गर्न सकिनेछ ।

(४) इजाजत-पत्रको खारेजी

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत-पत्र खारेज गर्न सक्नेछ :

(क) झुठा विवरण पेश गरी इजाजत-पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) वमोजिम इजाजत-पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत-पत्र स्वतः खारेज हुनेछ ।

---

[1] रौतामाई गाउँपालिकाको ६७औं कार्यपालिका बैठकबाट दफा (३) को उपदफा (३) र उपदफा (४) संशोधित हुँदा पारित गरिएको ।



तिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

(४) उपदफा (१) वा (३) बमोजिम इजाजत-पत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

५) इजाजत-पत्रको प्रतिलिपी दिने व्यवस्था

कुनै निर्माण व्यवशायीले इजाजत-पत्र हराए वा नासिएको कारणबाट इजाजत-पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची (२) बमोजिमको दस्तुर लिई इजाजत-पत्रको प्रतिलिपी दिनु पर्नेछ ।

६) प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७) बचाउ

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरूलाई दिइएको इजाजत-पत्रहरू यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



अध्यक्ष

रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुटार, उदयपुर
कोशी प्रदेश, नेपाल

अनुसूची-१
(कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**इजाजत-पत्रको लागि दिइने दरखास्त**

विषयः इजाजत-पत्र पाउँ भन्ने बारे ।

श्री रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुटार, उदयपुर

यस...................... कार्यालयको कार्यविधि ................ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको:**

नाम
ठेगानाः
पोष्ट बक्सः
टेलिफोन नम्बर/मोबाइल नम्बरः फयाक्स नं.: इमेलः

**२. फर्म वा कम्पनीको प्रकृति**

☐ प्राइभेट ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी ☐ साझेदारी
(कोष्ठमा रेजा लगाउनुपर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको:**

नाम, थरः
ठेगानाः
टेलिफोन/मोबाइल नम्बरः फयाक्स नं.: पोष्ट बक्सः इमेल

**४. फर्म वा कम्पनीको विवरणः**

दर्ता नं.:
अधिकृत पूँजीः
दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः

**५. इजाजत-पत्र लिन चाहेको वर्ग : (घ) वर्ग**

**६. समूहीकरण हुन चाहेको समूहः**

**७. आर्थिक स्रोतको विवरण**

| | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण**

(क) प्राविधिक (ख) अप्राविधिकः (ग) अन्य

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मन्जुरीनामा पेश गर्नुपर्नेछ ।



लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता संख्या | मूल्य | खरीद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

*द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरूको स्वामित्वको कागजात (दर्ता प्रमाण-पत्र) र उक्त मेशिनरी औजारहरू चालु हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।*

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातः

(क) (ख) (ग)

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

हस्ताक्षरः

मितिः

*द्रष्टव्यः यस दरखास्त फाराम साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।*

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



वीरेन्द्र कुमार मगर
अध्यक्ष

CamScanner

अनुसूची-२

(कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | इजाजत-पत्र दस्तुर | इजाजत-पत्र नवीकरण दस्तुर | इजाजत-पत्र नवीकरण थप दस्तुर | इजाजत-पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु. १०००।- | रु. १०००।- | रु.२०००।- | रु. ५,०००/- |
| | | | | | |

*द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०...... बमोजिमको दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र इजाजत-पत्र नवीकरण गराउँदा इजाजत-पत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नु पर्नेछ ।*

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



वीरेन्द्र कुमार नगर
अध्यक्ष

CamScanner

अनुसूची-३

(कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

# रौतामाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर

**इजाजत-पत्र**

ईजाजत-पत्र नम्बरः मितिः..............

'घ' वर्गको निर्माण व्यवशायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न.......................................................स्थित कार्यालय भएको............................ फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

(यस वृत्तभित्र कुन वर्ग लेखुपर्ने हो सोही वर्ग लेखे)

इजाजत-पत्र दिनेको

दस्तखतः

नाम

पद

मिति

कार्यालय

### नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहेन अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार नगर
अध्यक्ष

## अनुसूची-४

### निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.सं. | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का विवरण.........<br>ख) सम्झौताको मिति......... .........<br>ग) ठेक्का अवधि........ | क) नाम:......<br>........<br>ख) पद.......<br>......<br>ग) हस्ताक्षर<br>.........<br>........<br>घ) छाप....... | क) थप समय...........<br>ख) नाम.......<br>ग) पद......<br>घ) हस्ताक्षर.....<br>ङ) निर्णय मिति.....<br>च) छाप.... | क) Variation पछिको Contract Amount......<br>ख) Variation को निर्णय गर्ने पदाधिकारीको नाम....<br>ग) पद....<br>घ) हस्ताक्षर....<br>ङ) छाप.... | क) सम्पन्न रकम<br>.........<br>ख) सम्पन्न मिति .......<br>ग) सम्पन्न %.....<br>घ) नाम....<br>ङ) पद.....<br>च) हस्ताक्षर..<br>छ) छाप.... | क) अन्तिम ठेक्का रकम .....<br>ख) सम्पन्न मिति .....<br>ग) नाम....<br>घ) पद......<br>ङ) हस्ताक्षर....<br>च) छाप.... | |

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

अनुसुची-५
"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता
प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रूपमा घटीमा पाँच लाख रूपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण
मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समयं प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण
(क) ट्रिपर/ट्र्याक्टर (एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) थियोडोलाइट/लेभल मेसिन (एक सेट)
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य:
१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरू ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरू दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरू निर्माण व्यवसायीको स्तर वृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

आज्ञाले
लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

वीरेन्द्र कुमार मगर
अध्यक्ष

लिलाराज श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



CamScanner